# Sample Question Paper - 2011

## Second Semester (Oct-March 2011)

## Sub : Nepali (024)

## Class - X

**Time : 3 hrs.** **M. Marks - 80**

The Question Paper is divided into four sections:

**Section A :** Reading Comprehension - 10 marks

**Section B :** Writing: 10 marks

**Section C :** Applied Grammer : 12 marks

**Section D :** Literature : 48 marks

### Section : A - 10 Marks

प्र. 1: अनुच्छेद पढ़ेर सोधिएका प्रश्नहरूको उत्तर लेख ।

'गाउँखाने कथा'-मा 'कथा' शब्द अन्तर्निहित रहे पनि त्यसमा वास्तविक कथा हुँदैन; बरू कथाको झिनो तन्तु मात्रै फेला पर्छ । यसको आकार खासै लामो नभएर पनि वाक्य स्तरीय संरचनाभन्दा तल भने झरेको पाइँदैन । गाउँखाने कथा गद्यमा मात्र नभएर कविता र गीतमा पनि फेलापर्छ । कुनै कुरालाई रहस्य वा गर्भमा लुकाएर बौद्धिकताको चमत्कार देखाइने यो लोक साहित्यिक विधा अलङ्कार र प्रतीक प्रयोगका दृष्टिले महत्त्वपूर्ण छ; तर उखान वा तुक्का झैं यसलाई वाक्यमा प्रयोग गर्न खोजिँदा भने निराशा मात्र हात लाग्दछ ।

(क) 'गाउँखाने कथा'-मा कथा हुन्छ कि हुँदैन?

(ख) यसको आकार कत्रो र कस्तो हुन्छ?

(ग) गाउँखाने कथा गद्यमा मात्र नभएर अरू के-केमा हुन्छ?

(घ) यो विधा केका दृष्टिले महत्त्वपूर्ण छ?

(ङ) कुरालाई रहस्य र गर्भमा लुकाएर के गरिन्छ?

(च) यसमा के गर्दिा निराशा हात लाग्दछ?

**2+2+1+1+2+2 = 10**

### Section : B - 10 Marks

प्र. 2: पत्र रचना **10**

घरमा खानेकुरा छैन बाहिर नक्कल पार्दै हिँड्ने तिम्रा सुकुलगुण्डा साथीहरूलाई सम्झाइदिनुहोस् भनी तिम्रा सुखुलगुण्डा साथीहरूलाई सम्झाइदिनुहोस् भनी तिम्रो भरपर्दा शिक्षकलाई एउटा पत्र लेख ।

### Section : C - 12 Marks

प्र. 3: (क) 'उपसर्ग' र 'प्रत्यय' भन्नाले के के बुझिन्छ? **1+1 = 2**

(ख) 'उपसर्ग' र 'प्रत्यय' लगाएर बनिएका २/२ वटा शब्द लेख । **2**

(ग) तलका उपसर्ग लगाएर शब्द बनाऊ । $^1/_2+^1/_2+^1/_2+^1/_2 = 2$

परा, सह, सु, अव

(घ) तलका शब्दहरूको विग्रह गरी समास बनाऊ । **2**

सान्दाइ, चौरस्ता, मनोहर, दशानन ।

(ङ) तलका शब्दहरूका २/२ वटा पर्यायवाची शब्द लेख। 2

सिपालु, समुद्र

(च) यी वाग्धारालाई वाक्यमा प्रयोग गर। 2

- यमराजको पाहुना हुनु।
- कान समात्नु।

**Section : D - 48 Marks**

प्र. 4: (क) मुरली, कलाँट, ढोल बज्छन्। गुण्डा, कुल्ली, दर्वान र काम नभएका मानिसहरू त्यहाँ थुप्रिन्छन्। धनमती मञ्चमा नाच्छे।

(i) धनमती कहाँ, कुन मञ्चमा नाच्छे? 2

(ii) यस कथाका कथाकार को हुन्? 1

(iii) धनमतीको सपनाको अन्त्य कसरी भयो। 2

(ख) संसारमा दानवता खतम गर्नलाई उसको बाबु सिधा-साधापनलाई नै मान्छेको बस्तीबाट सिध्याउनुपर्छ।

(i) सोझोपनलाई किन दानवताको बाबु भनिएको हो। 3

(ii) उक्त वाक्यको आशय स्पष्ट गर। 2

(ग) सही उत्तर चुनेर लेख :- 1

'लागोस् कि नलागोस्। तँ अगुल्टेलाई के खाँचो?'

यो वाक्य कसले कसलाई भनेको हो?

(i) गौंथलीले चामेलाई भनेकी हो।

(ii) धनमतीले मदिशे केटालाई भनेको हो।

(iii) कालेकी आमाले हवल्दारनीलाई भनेकी हो।

(घ) त्यो नालापानीको समय थियो, जहाँ नेपाली रमणीहरूले आफ्ना साहस र वीरताले शत्रुहरूबाट पनि प्रशस्त प्रशंसा पाएका थिए।

(i) यो गद्यांश कुन पाठको हो? 1

(ii) नालापानीमा नेपाली रमणीका शत्रु को थिए? 2

(iii) शत्रुहरूबाट नेपाली रमणीले किन र कस्तो प्रशंसा पाएका थिए? 2

(ङ) 'चिसो चिया' नाटकको पात्र अमरको आर्थिक अवस्था कस्तो थियो? संक्षेपमा लेख। 4

प्र. 5: सही उत्तर छानेर लेख :- 2

रातो ओठ खुलेर हास्य मधुरो,
फैलेर सद्ज्ञानको।
आभा झल्झल पार भेद सबमा,
खोलेर विज्ञानको।

यस पदका कवि र कविताको शीर्षक हो -

(i) लेखनाथ पौड्यालको 'गौंथलीको चिरिविरी'

(ii) लक्ष्मीप्रसाद देवकोटाको 'एक वियोगी पिताप्रति'
(iii) तुलसीराम शर्मा 'कश्यप' को 'आमा'
(iv) अगमसिंह गिरीको 'मृत्यु कामना केही मेरा' ।

प्र. 6: सप्रसङ्ग व्याख्या गर :- 5

त्यस्तै एउटा हँसिलो युवक मृत्यु चाहिरहन्छु
मृत्युलाई जीवनको एउटा चहकिलो मध्यान्ह रोजिरहन्छु ।

प्र. 7: (क) 'एक वियोगी पिताप्रति' शीर्षक कविताको भाव संक्षेपमा लेख । 5

(ख) 'सिउँदो भरिको रातो सिन्दूर हुनेछ' शीर्षक कविताका कवि किन असन्तुष्ट छन्? स्पष्ट शब्दमा लेख । 4

प्र. 8: सही उत्तर चुनेर लेख ।

(क) 'अन्तिम पात' कथामा जुनीलाई कुन बिमारी भएको थियो? 1

(i) टी. बी. (ii) निमोनिया
(iii) प्लेग (iv) मलेरीया

(ख) टोटलाको फूलको स्वाद कस्तो हुन्छ? 1

(i) टर्रो (ii) अमिलो
(iii) तीतो (iv) गुलियो

प्र. 9: (क) 'अन्तिम पात' कथाको अन्तमा के गर्नु परेको हुनाले बरमान नामक पात्र मरेको थियो ? 2

(ख) 'टोटलाको फूल' कथामा कथाकार दाज्यूसँग के कारणले रिसाएकी छन् ? 2

(ग) 'अन्तिम पात' र 'टोटलाको फूल' शीर्षक कथाका कथाकारहरू को को हुन्? 2

(घ) 'अन्तिम पात' कथामा सुरीले जुनीको जीवन बचाउनको निम्ति कस्तो भूमिका निर्वाह गरी । 4

**NOTE:** *Since the question is set from the old syllabus this year translation of 4 marks as shown at section 'B' is adjusted at saction 'D' and 'Vyakti Parichaya' at serial No. (iv) of 4 marks under literature is adjusted at poetry of section 'D'. Therefore, the paper setters are requested to set questions accordingly. Translation and Vyakti Parichaya will be given from the next year i.e. 2012 only.*

•